स.क.प.आवद्धता नं. ०८५/०४१/४२ जि.प्रशा.का.द.नं. ०१/०३९/४०

"आत्मा साक्षी राखी मन, बचन र कर्मले सेवा गरौं ।"

# मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र

MALLARANI RURAL DEVELOPMENT CONCERN CENTER - MRDCC

स्थापना २०३६

प.सं. २०८०/०८१ च.नं. ४०७ प्रथम पटक प्रकाशित मिति : २०८०/१०/२८

## "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजना" अन्तर्गत युवा लक्षित कार्यक्रमका लागि आवेदन माग सम्बन्धी सुचना ।

ऐरावती गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग तथा मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र प्युठानको सहजीकरणमा संचालित "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजना"को मुख्य लक्ष्य लक्षित परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जीविकोपार्जन सुधार गर्नु रहेको छ । निर्दिष्ट उद्देश्यहरुमा आबद्ध लाभग्राहीहरूलाई स्वावलम्वी महिला समूह, युवा समुह तथा सहकारीमा आबद्ध गरी सामाजिक पूँजीको अभिवृद्धि गर्नु, सुधारिएको बाखापालन एवं कृषि उत्पादन र अन्य सम्भावित क्षेत्रहरूमा उन्नत प्रविधिहरूको अनुसरण गरी उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्नु र विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु यस परियोजनाको उद्देश्य रहेको छ । यसै अन्तर्गत सञ्चालन गरिने युवा लक्षित कार्यक्रममा समावेश हुन चाहने कृषि तथा पशुपंक्षी सम्बन्धि व्यवसाय गरिरहेका वा गर्ने योजना बनाएका ऐरावती गाँउपालिकाका युवाहरूबाट रितपुर्वक आवेदन माग गरिएको छ ।

**आवेदन पेश गर्नका लागि पूरा गर्नुपर्ने न्युनतम मापदण्डहरू:**

- कृषि तथा पशुपंक्षी संग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजनामा रहेका १८ देखि ४० वर्ष उमेर समुहका युवा (महिला, पुरुष वा अन्य)
- ऐरावती गाउँपालिका भित्र स्थायी बसोबास भएका नेपाली नागरिक,
- मुख्य पेशाको रुपमा कृषि र पशुपंक्षीपालन वा सो सम्बन्धी व्यवसाय गरि राखेका,
- समुहमा आवद्ध भई काम गर्न इच्छुक,
- नवीनतम् कृषि वस्तु उत्पादन सम्बन्धी व्यवसाय, बैदेशिक रोजगारी बाट फर्केर कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेकालाई विशेष प्राथमिकता दिइने,
- आवेदन दिएका मध्ये उपयुक्त र न्यूनतम मापढण्ड पूरा गरेकालाई प्रारम्भिक छलफलका लागि सम्पर्क गरिनेछ ।

**आवेदन पेश गर्ने अन्तिम मिति :** २०८०/११/०६ गते ।

**आवेदन पेशगर्ने स्थान :** मल्लरानी ग्रामिण विकास सरोकार केन्द्रको कार्यालय, कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजनाको कार्यालय ऐरावती २ बरौंला प्यूठान ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू**

(१) निवेदन (२) आवेदन फारम (३) नागरिकताको प्रतिलिपी (४) फोटो र

(५) सम्बन्धित वडा कार्यालयको सिफारिस

**नोटः मापदण्ड पुरा भई छनौटमा परेका उम्मेदवारलाई मात्र कार्यक्रममा समावेश गरिनेछ ।**

**थप जानकारीका लागी सम्पर्क : ९८५७८८०४२८, ९७४८३५६९१६**

विजय कुमार श्रेष्ठ
कार्यकारी प्रमुख